PRESS RELEASE

# नेपाल प्रहरी प्रधान कार्यालय
## मानव बेचबिखन अनुसन्धान ब्यूरो

बबरमहल, काठमाण्डौ।

मिति: २०७९/१०/११ गते।

फोन: ०१-५३३९५६९, ०१-५३४११७७

## प्रेस विज्ञप्ति

## Press Release

### मानव बेचबिखन गर्ने कार्यमा संलग्न व्यक्ति पक्राउ।

**पक्राउ व्यक्तिको बिबरण:-**

**नाम:-** प्रकाश शाही ठकुरी भन्ने प्रकाश धिमाल

**वर्ष:-**४१

**वतन:-** जिल्ला झापा दमक नगरपालिका वडा नं. ३ स्थायी वतन भई हाल जिल्ला काठमाण्डौ, का.म.न.पा.वडा नं. १४ बस्ने।

**पेशा:-** म्यानपावर एजेन्ट

**पक्राउ मिति:-**२०७९।१०।०९

**पक्राउ स्थान:-** जिल्ला काठमाण्डौ का.म.न.पा. वडा नं.७ चावहिल।

**घटनाको छोटकरी बिबरण:-**

परिवर्तित नाम २६ बबरमहल (१३१) र अन्य ३/४ जना नेपाली महिलाहरुलाई कुवेतमा फ्रि भिसा र फ्रि टिकटमा राम्रो कमाई हुने काममा पठाईदिने भनि राहदानी लगाएतको आवश्यक कागजपत्र बनाई मिति २०७९।०१।१२ गते काठमाण्डौ त्रिभुवन विमानस्थलबाट भिजिट भिसामा दुबई हुदै कुवेत लगी ९०० KUWAITI DINAR मा बिक्री गरी दैनिक २० घण्टा सम्म काममा लगाई श्रम शोषण गरेकोले पिडित जाहेरवाला उपचार गर्नका लागी स्थानिय अस्पताल लगेको समयमा उक्त अस्पतालबाट भागी कुवेत स्थित नेपाली राजदुतावासको सम्पर्कमा गएकोले निजलाई मिति २०७९।०६।१४ गते उद्दार गरी नेपाल फिर्ता ल्याईएकोमा निजले वारदातमा संलग्न प्रतिवादीहरुलाई मानव बेचविखन तथा ओसार पसार नियन्त्रण ऐन, २०६४ बमोजिम हदैसम्मको कारवाही गरी पाउँ भनी मिति २०७९।०९।२५ गते यस ब्यूरोमा जाहेरी दिएको।

**अनुसन्धानका क्रममा खुलेको थप बिबरण:-**

- पीडित जाहेरवालालाई ९०० KUWAITI DINAR मा कुवेती नागरिकको घरमा बिक्री गरेको भन्ने बुझिन आएको।
- जाहेरवालाई दैनिक २० घण्टा सम्म काममा लगाई पारिश्रमिक नदिएको।
- जाहेरवाला बिरामी भई अस्पताल भर्ना भएको समयमा आफु बेच बिखनमा परेको कुरा नेपालमा रहेका बुबालाई जानकारी गराएको।
- जाहेरवालाको बुबाले आफ्नो छोरी बिरामी भएको हुदा नेपाल फिर्ता झिकाउनका लागी प्रतिवादी प्रकाश धिमाललाई अनुरोध गर्दा थप ५००,०००(पाँच लाख) रुपैया माग गरेको।
- ५००,०००(पाँच लाख) रुपैया दिन नसक्ने भएकोले जाहेरवाला अस्पतालबाट भागी कुवेत स्थित नेपाली राजदुतावासको सम्पर्कमा गएको।
- यस वारदातमा संलग्न प्रतिवादीहरुले अन्य १० जना नेपाली महिलाहरुलाई समेत कुवेतमा लगी बेचबिखन गरेको भन्ने बुझिन आएको हुँदा सो सम्बन्धमा समेत अनुसन्धान कार्य जारी रहेको।

**थप जानकारीको आवश्यक परेमा यस कार्यालयमा सूचना अधिकारीलाई सम्पर्क गर्न हुन अनुरोध**

**प्रवक्ता / सूचना अधिकारी**
**(दान बहादुर मल्ल)**
**प्रहरी उपरीक्षक**
**सम्पर्क नम्बर: ९८५१२८०४४७**